लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डुँडे, नुवाकोट
लिखु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

३ नं प्रदेश, नेपाल

प.सं.: २०७६/०७७
च.नं.: ८३६

मिति २०७६।१२।७

**बिषय : सूचना प्रकाशित गर्ने सम्वन्धमा ।**

श्री वडा कार्यालयहरु सवै,
लिखु गाउँपालिका

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमको २०७६।११।२१ च.नं.११४ को पत्रानुसार रोजगारीको हक सम्वन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम बेरोजगार व्यक्तिहरुको दर्ताको लागि चैत मसान्त सम्म म्याद रहेको जानकारी गराउदै यसै साथ संलग्न सूचना टाँस गरिदिनुहुन अनुरोध छ । साथै निवेदन दिने अन्तिम मितिसम्म प्राप्त निवेदन वडा कार्यालयमा दर्ता गरी तपशिल बमोजिमको ढाँचामा विवरण तयार पारेर सम्पूर्ण निवेदन र प्रमाणित विवरण रोजगार सेवा केन्द्रमा बुझाउनु हुन अनुरोध छ ।

| क्र.सं. | दर्ता नं. | बेरोजगार व्यक्तिको नामा | बेरोजगार व्यक्तिको जन्म मिति | नगरिकता नं. | नगरिकता जारि जिल्ला | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

२०७६।१२।८

नि.प्रमुख प्रशासकीय अधिकृत
लिखु गाउँपालिका

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखा, लिखु गाउँपालिकाको कार्यालय: सूचना Website मा प्रकाशन गरिदिनु होला ।

लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डुडे, नुवाकोट

३ नं प्रदेश, नेपाल

प.सं.: २०७६/०७७

च.नं.: ८३६

मिति २०७६।१२।७

**न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आ.व. २०७७/७८ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन वरावरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७६ चैत्र महिना भित्र आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्वन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन प्र.म.रो.का. संचालन निर्देशिका २०७५ को अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुहुन यो सूचना प्रकाशितल गरिएको छ । निवेदनको ढाँचा र यस सम्वन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np मा हेर्न सकिनेछ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु**

१.निवदेकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२.निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो ।

३.निवेदक सहित परिवारको सम्पूर्ण सदस्यको नाम, नाता, जन्म मिति, नागरिकता नं., जारी मिति तथा जिल्ला ।( फारमको अनुसूची १४ नं. अनुसारको विवरण)

४.निवदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप,दक्षता तथा रोजगारीको अवस्था ( स्वदेश/विदेश/स्वरोजगार) ।

५.स्थायी बसोवास खुल्ने आवश्यक कागजातको फोटोकपी :( नागरिकता प्रमाणपत्र अन्यत्रवाट जारी भएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि र नागरिकता प्रमाणपत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि) ।

६.निवेदकको काम सम्वन्धी अनुभव भएमा सो सम्वन्धी विवरण ।

७.निवदको सम्पर्क नं. ।

**थप जानकारीको लागि सम्वन्धीत वडा कार्यालय तथा लिखु गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिने छ ।**

२०७६।१२।८

**नि.प्रमुख प्रशासकीय अधिकृत**
**लिखु गाउँपालिका**